अगाडकिो आवरण पृष्ठ

# छमिकी




लेखकः रत्नमाया अस्तानी

तह ५, कक्षा २

नेपाली



मेरो घर बनौली गाउँमा छ। गाउँको माझमा वद्यिालय छ। म ३ कक्षामा पढ्छु।




नीता र पेम्बा मसँगै पढ्छन्। उनीहरु मेरा छमिकी हुन्। हाम्रो परविारमा बोल्ने भाषा फरक छ।



हामी एकअर्कासँग नेपाली भाषा बोल्छौँ। विद्यालयमा पनि नेपाली भाषामा पढ्छौँ। तर घरमा आआफ्नो भाषामा कुरा गर्छौँ। नीता घरमा मगर भाषा बोल्छिन्।



पेम्बा घरमा तामाङ भाषा बोल्छनि्। मेरा बाआमा नेवारी भाषा बोल्नुहुन्छ। म घरमा नेवारी बोल्छु। म तामाङ भाषा पनि जान्दछु। मगर चाहिँ अलिअलि बुझ्छु।



सोमबार मेरो घरमा पूजा थियो। नीताले माला गाँस्न सघाइन्। पेम्बाले पानी, दाउरा ल्याउन सघाइन्।



पेम्बाको दाजुको विवाह थियो। नीता र म सघाउन गर्यौं। नीताले विवाहको निम्ता बाँड्न सघाइन्। मैले भतेरका लागि भाँडाकुँडा छिमेकबाट ल्याएँ।



जन्तीलाई पानी दिएँ। वहिँमा मानसिहरूले सेलो गाएको सुन्यौँ। डम्फू बजाएर नाचेको पनि हेर्‍यौँ। हामी रमायौँ। पेम्बाका बाआमाले खुसी भएर स्यावासी दिनुभयो।



नीताको घरमा मारुनी नाच थियो। म र पेम्बा नाच हेर्न गयौँ। मारुनी नाच मगर जातिले नाच्ने रहेछन्। मादल बजाउँदै गीत गाएर नाच्ने रहेछन्।



शुक्रबार विद्यालयमा खेलकुद थियो। मैले हसिाब दौडमा भाग लिएँ। पेम्बाले हाँडी फोरमा भाग लिए। नीताले डोरी नाघ्ने खेल खेलनि्।



हामी गाउँमा मलिर काम गर्छौँ। कक्षा कोठामा मलिर पढ्छौँ। एकअर्कालाई मलिजुली सहयोग गर्छौँ। हामीलाई देखेर सबैजना खुसी हुनुहुन्छ।

शीर्षक पृष्ठ

छमिकी

Images on pages Front Cover, १, ४, ५, ६, ७, ८, १० by © 2019 Non Formal Education Center of Nepal.

Images on pages २, ३, ९ by International Illustrations: The Art Of Reading 3.0, © 2009 SIL International. CC-BY-ND 3.0.

तहगत, तह ५

This book has been developed under the Enabling Writers Project with the support of the Curriculum Development Centre-Ministry of Education, Science and Technology Nepal, Language Commission- Government of Nepal, Samunnat Nepal and World Education.

नेपालीNepal

श्रेय पृष्ठCopyright © 2019, Enabling Writers Project - World Education-Nepal

http://creativecommons.org/licenses/by/4.0/तपाईंले यस रचनालाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाउनुहुन्छ। तपाईंले यस रचनालाई समायोज गर्न वा यसमा आफ्नो तर्फबाट थपथाप गर्न पाउनुहुन्छ। तपाईंले लेखक, चित्रकार, इत्यादिको प्रतिलिपि अधिकार सूचना र नाम राख्नुपर्छ।

अगाडिको आवरण पृष्ठको भित्रिपट्टी

यस पुस्तकको बारेमा: नेपाली भाषामा तयार गरिएको यो पुस्तक कक्षा २ मा अध्ययनरत भाइबहिनीहरूका लागि हो। यो पुस्तक देवनागरी लिपिका सबै वर्ण र मात्रा सिकिसकेका बालबालिकाको स्वतन्त्र पठनका लागि तयार पारिएको हो। पढाइ सीपको विकास गर्नका लागि यस पुस्तकलाई शिक्षकले नयाँ शब्द सिकाउन, नमुना पठन गर्न र बोध शिक्षणका लागि प्रयोग गर्न सक्नेछन्।

The End